# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री सीता मण्डल सत्याल

सदस्य : श्री रत्नलाल श्रेष्ठ

बाट भएको निर्णय

मुद्दा नं. : ०८२-०२-००८

निर्णय नं. २३

दायरी मिति : २०८२/१०/१५

निर्णय मिति : २०८३/०२/२०

| | |
|---|---|
| प्रेम बहादुर थापा मगरको बुहारी, गोवर्धन थापा मगरको श्रीमती, काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १५, तिनथाना बस्ने वर्ष ७८ की मैया थापा मगर ........१ | उजुरीकर्ता वादी |

**विरुद्ध**

| | |
|---|---|
| भैरव बहादुर थापा मगरकी छोरी ज्यापु मगरकी पत्नी, काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १५, तिनथाना बस्ने वर्ष ६० की जुनी थापा मगर .....................१ | विपक्षी प्रतिवादी |

**मुद्दा : ढल निकास बन्द गरी पाउँ ।**

**वादीको साक्षी :**

क) ..................×...................

**प्रमाण :**

क) जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपी ....... १

ख) गुठी रैतानी जग्गाको मालपोत असुली रसिद र सम्पत्ति/मालपोत तथा भूमिकर रसिदको प्रतिलिपी ........................................................ २

ग) नापी नक्साको प्रतिलिपी ........................... १

घ) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ......२

**प्रतिवादीको साक्षी :**

क) का.जि. चन्द्रागिरि नगरपालिका वडा नं. १५ बस्ने वर्ष ३३ की सबिना माली ........................................१

ख) ऐ.ऐ. बस्ने वर्ष ३४ को संजय मगर .......................१

**प्रमाण :**

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी .........२

न्यायिक समितिबाट बुझेको :

**साक्षी :**

**प्रमाणहरू :**

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

म फिरादीको नाममा मालपोत कार्यालय कलंकीमा भिमेश्वर पंच कुमारी गुठीबाट रैतानी दर्ता भई गुठी संचालन शाखा कार्यालय, काठमाडौं, त्रिपुरेश्वरमा तिरो तिर्नुपर्ने का.जि. तीनथाना गा.वि.स. वडा नं. ३ को कि.नं. ३९ को क्षेत्रफल ०-१३-०-० घर जग्गाको पश्चिम सिमानामा विपक्षीको घरजग्गा रहेको छ। साविक नक्सामा देखिएको घरको संकेत हाल जिर्ण भई भत्की सकेको छ। मैले अविछिन्न रुपमा भोगचलन गर्दै आइरहेको जग्गामा अवस्थित नक्सामा देखिएको घर जिर्ण भई २०७२ सालको भूकम्पबाट क्षती हुन गई हाल नक्सामा देखिएको घर भत्काई पाताल गरी सकेको छ। नक्सामा साविक घरको गारो देखि पश्चिम विपक्षीको जग्गा सिमानामा ३ फिटको खाली जग्गा देखिएकोमा विपक्षीले मेरो मंजुरी बेगर आफ्नो मनोमानी तवरले निजको घरबाट निस्कने पानी लगायत पाइप राखी ढल समेत मेरो जग्गाबाट जाने गरी जबरजस्ती पाइप राखी ढल निकाश गरेकोले किन मेरो जग्गाबाट ढल निकास गर्नु भएको हो ? भनी सोधनी गर्दा विवाद भई मैले चन्द्रागिरि नगरपालिका १५ नं. वडा कार्यालय समक्ष ढल निकाश रोकी पाउँ भनी निवेदन दिएकोमा जनप्रतिनिधि फिल्डमा आई निरीक्षण गर्दा समेत विपक्षीले जबरजस्ती ढलको पाइप राखि ढलको पानी समेत पठाउन मेरो जग्गामा मन्जुरी विना ढलको पाइप राखी हटाउन अटेर गरेको हुँदा म पिडित भई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १० र ८६, स्थानीय सरकार संचालन व्यवस्था ऐन, २०७४ को दफा ४७(२) (क) र ४८ नं. मुलुकी देवानी संहिता, २०७४ को दफा २६६, २६७, २६८, २७१, २७५, २७६, २७७, २८१ र २८७ समेतका कानूनी आधारमा मेरो जग्गाबाट ढल निकाश हुने गरी पाईप राखी जवरजस्ती ढल निकास गरेकोले पूर्ण रूपमा बन्द गराई न्याय इन्साफ पाउँ भनी वादी मैया थापा मगरको उजुरी माग दावी रहेको छ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

म प्रतिवादकर्ताको एकलौटी नाम दर्ता हकभोगमा रहे भएको काठमाडौ जिल्ला तीनथाना गा.वि.स. वडा नं. ३ को कित्ता नं. ५०३ क्षेत्रफल ०-८-०-० भएको गुठी रैतानी नम्बरी घरजग्गाको साँध, सँधीयारसँग कुनै विवाद नभई हाम्रो निर्विवाद भोगचलन गर्दै आएको जग्गाको पूर्वतर्फ बिपक्षीको कित्ता नं. ३० र दक्षिणतर्फ मेरो कित्ता नं. ५०४, दक्षिणतर्फ कि.नं. १०४ अवस्थित छ। हाम्रो कित्ता नं. ५०४ को जमीन अग्लो स्थानमा रहेकोले त्यसमा अन्य घरजग्गाको पानी समेतको निकास बिपक्षीको कि.नं. ३९ हुँदै सँगै रहेको मेरो कि.नं. ५०३ को उत्तरतर्फको सीमानामा परापूर्वदेखि हालसम्म सोही स्थानको भौगोलिक अवस्थीमा पानी बग्ने गरेको स्थानीय छरछिमेकीलाई जानकारी रहेको छ। म प्रतिवादकर्तासँग मौखिक सहमती मन्जुरी अनुसार मैले छिमेकीलाई असहज नहोस् भनी मेरो सीमानातर्फ झ्याल राख्न सहमती दिएकी थिएँ। मेरो जग्गाको पूर्वतर्फ निज बिपक्षीसँग सीमाना जोडिएको स्थानमा करिव २.५ फिट (३० इन्च) जग्गा छाडी पर्खाल निर्माण गरी बाढीको पानीले बिपक्षीको घर परिसरमा कुनै हानी नोक्सानी, क्षति नहोस् भनी स्थानीय बासिन्दाहरूको सरसल्लाहमा पाईप राखी व्यवस्थित गरिएको र संधीयार रहनुभएका बिपक्षीले मलाई दुःख दिने बदनियत राखी झुठा मुद्दा गरेको कारण आफ्नो प्रतिरक्षा गर्दा लागेको खर्च

लगायतका सम्पूर्ण खर्च समेत मुलुकी देवानी संहिता, २०७४ को दफा २८ बमोजिम बिपक्षीबाट बिपक्षीलाई भराई दुरासयुक्त भावना राखी गर्नु भएको फिराद दावी खारेज गरी पाउँ भन्ने व्यहोराको प्रतिवादी जुनी थापा मगरको प्रतिउत्तर जिकिर रहेको छ।

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश,

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

वादी मैया थापा मगरले जग्गाधनी प्रमाण पूर्जा, गुठी रैतानी जग्गाको मालपोत असुली रसिद र सम्पत्ति/मालपोत तथा भूमिकर रसिदको प्रतिलिपी, नापी नक्साको प्रतिलिपी र नेपाली नागरिकताको प्रमाण-पत्र समेत मिसिल संलग्न प्रमाँणबाट देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

प्रतिवादी जुनी थापा मगरले नेपाली नागरिकताको प्रमाण-पत्र राखेको देखिन्छ ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

वादीले मेरो कि.नं. ३९ मा संधियार विपक्षीको घरबाट निस्कने फोहोर प्रदुषित पानी जबर्जस्ती पाईप राखी ढल निकास गरेकोले ढल बन्द गराई पाउँ भनी राख्नु भएको भनाई सुनियो ।

प्रतिवादीले मैले वादीको सरसल्लाहमा पाईप राखी व्यवस्थित रुपमा पानी पठाउने गरेकोले झुठा उजुरी खारेज गरी पाउँ भनी राख्नु भएको भनाई सुनियो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

ढल निकास बन्द गरी दिनुपर्ने हो होइन भन्ने विषयमा मुख नमिलेको देखिन आयो ।

## निर्णय खण्ड:

नियम बमोजिम दैनिक पेशी सूचीमा चढि इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाणहरू समेत अध्ययन गरी वादी दावी बमोजिम ढल निकास बन्द गरी दिनुपर्ने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो । निर्णय तर्फ विचार गर्दा काठमाडौं जिल्ला साविक तिनथाना गा.वि.स. वडा नं. ३ को कि.नं. ३९ को क्षेत्रफल ०-१३-०-० घरजग्गाको पश्चिम खाली रहेको ३ फिट जग्गाको सिमानामा विपक्षीले मेरो मन्जुरी बेगर जबरजस्ती ढलको पाइप राखी फोहोर पानी उक्त ढलबाट मेरो जग्गामा निकास भईरहेको प्रदुषित पानी व्यवस्थापन गरी हटाउन अटेर गरेकोले बाध्य भई सो ढल निकास पूर्ण रुपमा बन्द गरी इन्साफ पाउँ भनी उजुरी माग दावी रहेकोमा म प्रतिउत्तरकर्ताको नाममा का.जि. तीनथाना गा.वि.स. वडा नं. ३ को कि.नं. ५०३ को क्षेत्रफल ५०३ को क्षेत्रफल ०-८-०-० जग्गाको पूर्वतर्फ विपक्षीको कि.नं. ३९ र दक्षीणतर्फ हाम्रो कि.नं. ५०४ जमीन अग्लो भागमा परापूर्वककाल देखि भौगोलिक अवस्थितिको कारणले पानी निकास विपक्षीको कि.नं. ३९ र मेरो कि.नं. ५०३ सिमाना हुँदै उत्तरतर्फ बग्ने गरेको छ। मौखिक सहमतिमा स्थानीयको बासिन्दाहरूको सरसल्लाहमा पाईप राखी व्यवस्थित गरिएको ले दुःख हैरानी दिने बदनयत राखी दायर गरेको झुठा उजुरी खारेज गरी पाउँ भन्ने प्रतिवादीको लिखित प्रतिवाद रहेको प्रस्तुत विवादमा विपक्षीको घरजग्गाको फोहोर पानी पठाउन जबरजस्ती राखेको भनिएको यस विवादमा ढलको फिल्ड निरीक्षण गर्दा प्रदुषित फोहोर ढलको पानी पठाएर वादीलाई असर

पुर्‍याएको पाईयो । प्रस्तुत विवाद स्थानी सरका सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ञ) बमोजिम न्यायिक समितिको क्षेत्राधिकार भित्र रहको पाईयो । उक्त उपदफामा "आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको" र मुलुकी देवानी संहिता, २०७४ को दफा २८१ मा घर वा बलेसीको पानी झार्न नपाउने "कसैले पनि आफ्नो घर वा बलेसिबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झार्न पाउने छैन ।" भन्ने कानुनी व्यवस्था विपरित प्रतिवादी जुनी थापा मगर समेतले प्रतिउत्तरमा छरछिमेकीसँगको आपसी सल्लाहमा ढलको पाइप राखी प्रदुषित फोहोर पानी वादीको कि.नं. ३९ र प्रतिवादीले आफ्नो कि.नं. ५०३ जग्गाको सिमा हुँदै फोहोर दुषित पानी पठाउने गरेको स्वीकार गरी आफ्नो घरजग्गा, सोफिट र बलेसी लगायतको पानी एकिकृत गरी यी वादीको घरजग्गामा खसालेको देखिन आयो । उक्त कार्य प्रचलित कानून विपरितको हुँदा वादी दावी बमोजिम ढल निकास बन्द गराई सहमति बेगर राखेको ढलको पाईप समेत हटाई दिने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

**तपसिल खण्ड :**

(क) विपक्षीलाई यस निर्णयमा चित्त नबुझे श्री काठमाडौं जिल्ला अदालतमा पुनरावेदन गर्न जाने प्रयोजनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ बमोजिम ३५ दिने पुनरावेदनको म्याद दिनु ............................................................................ १

(ख) माथि निर्णय खण्डमा लेखिए बमोजिम वादीको कि.नं. ३९ र प्रतिवादीको कि.नं. ५०३ को सिमानामा सञ्चालनमा रहेको फोहोर पानी जाने ढलको पाइप हटाई नगर प्रहरी परिचालन गरी वडा प्रतिनिधीको रोहवरमा हटाउनु । ........................................................ २

(ग) निर्णयको माग गर्ने सरोकारवालाबाट नियमानुसार लाग्ने नक्कल दस्तुर लिई रित पुर्‍याई नक्कल दिनु ................................................................................................ ३

(घ) प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी निर्णयको विद्युतीयप्रति नगरपालिकाको वेवसाइट प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु । ................................ ४

२०८३/२/२०
रत्नलाल श्रेष्ठ
सदस्य

२/२०
सीता मण्डल सत्याल
सदस्य

२०८३/२/२०
बसन्ती श्रेष्ठ
संयोजक

**निर्णय तयार गर्न सहयोग पुर्‍याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बतौंला शर्मा

इति सम्वत् मिति २०८३ साल जेठ महिना २० गते रोज ०४ शुभम् ...................................